# स्थानीय राजपत्र

मिथिला नगरपालिका, नगर कार्यपालिकाद्वारा प्रकाशित

खण्ड १ मिथिला, भाद्र २५ गते, २०८० साल संख्या ६

**भाग-१**

## मिथिला नगरपालिका

## मर्मत संभार कोष संचालन कार्यविधि,२०८०

**प्रस्तावनाः**

नगरपालिकाको सामाजिक र आर्थिक क्षेत्र लगायत अन्य क्षेत्रको सर्वाङगिण विकासको लागि खानेपानी, सडक, सिचाई, भवन, चौतारी, पार्क, बनभोज स्थल, आरामगुह, खेलकुदस्थल, जिमखाना, जस्ता भौतिक पूर्वाधारहरुको विकासले नगरबासीको आर्थिक, समाजिक, स्वास्थ्य क्षेत्रमा विकास गर्न तथा समग्र नगर तथा नगरवासीको समृद्धिमा सहयोग गर्न तथा नगरपालिका क्षेत्र भित्र सडकको ट्र्याक खन्ने र बनि सकेका सडकमा यातायात सूचारू गर्नका तथा शारिरिक शुसगठन तथा मनोरञ्जनका क्षेत्रहरुको विकास गर्नको लागि, सडक, सिंचाई, भवन, पार्क मनोरञ्जन स्थल जस्ता पूर्वाधारको मर्मतलाई व्यवस्थित र दिगो बनाउन एउटा मर्मत सम्भार कोष स्थापना गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा

मिथिला नगरपालिका

११ (६) र दफा १०२ ले दिएको अधिकार प्रयोग गरी मिथिला नगरपालिकाको १२औं नगर सभाले यो ऐन जारी गरेको छ ।

## परिच्छेद -१ (एक)

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम "मर्मत सभार कोष संचालन कार्यविधि, २०८०" रहने छ ।

ख) यो ऐन मिथिला नगरपालिकाको राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ।

**२. परिभाषाः**

क) "उपभोक्ता समिति" भन्नाले नगरपालिकाको टोल र वस्ती क्षेत्रमा सञ्चालन हुने आयोजनाबाट प्रत्यक्ष सेवा पुग्ने समूहबाट उक्त योजना संचालन गर्न बनेका संगठन भन्नेबुझाँउने छ ।

ख) "कार्यविधि" भन्नाले मर्मत सम्भार कोष संचालन कार्यविधि २०८० लाई बुझाउने छ ।

ग) "नगरपालिका" भन्नाले मिथिला नगरपालिका बुझाउने छ ।

घ) "स्थानीय तह" भन्नाले मिथिला नगरपालिकालाई बुझाँउनेछ

## परिच्छेद - २ (दुई)

**३. व्यवस्थापन समितिः**

क) मर्मत सम्भार कोषलाई बढी प्रभावकारी र भरपर्दो ढंगले संञ्चालन गर्न देहाय बमोजिमको एक मर्मत सम्भार

कोष वयवस्थापन समिति रहने छः

१ नगर प्रमुखः-- अध्यक्ष

२ नगर उपप्रमुख- सदस्य

३ पूर्वाधार विकास समितिको संयोजकः- सदस्य



मिथिला नगरपालिका

४ वन, वातावरण तथा बिपद्व्यवस्थापन समितिको संयोजकः- सदस्य

५ प्रमुख प्रशासकिय अधिकृतः -सदस्य

६ नगर कार्यपालिकाका सदस्यहरु मध्येबाट २ जना महिला सहित समितिले तोकेको १ जना सहित - ३ जना सदस्य

७ पूर्वाधार विकास शाखा प्रमुखः -सदस्य

८ योजना शाखा प्रमुखः - सदस्य सचिव

ख) समितिको बैठक कम्तिमा ६ महिनामा एकपटक बस्नेछ तर आवश्यक परेमा अध्यक्षको आदेशले जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ ।

ग) वैठक भत्ता नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

घ) वैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ

## परिच्छेद - ३ (तीन)

**४. कोष स्थापनाः**

मर्मत सम्भार कोषको नामले एउटा छुट्टै कोषको स्थापना गरिने छ जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछः

क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम ।

ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम ।

ग) नगर सभाबाट विनियोजित भएको रकम ।

घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरुबाट प्राप्त हुने रकम ।

ङ) ऋणबाट प्राप्त हुने रकम ।

च) अन्य स्थानीय तहबाट मर्मत संभार वापत प्राप्त हुने रकम

छ) विविध ।

मिथिला नगरपालिका

**५. कोष सञ्चालनः**

क) कोषको नाममा प्राप्त हुन आएको रकम मिथिला नगरपालिकाको नाममा मर्मत सम्भार कोषखाता खोली जम्मा गरिनेछ ।

ख) कोषको खाता प्रमुख प्रशासकिय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

ग) कोषको आन्तरिक लेखा परिक्षण आन्तरिक लेखापरिक्षण शाखाले गर्नेछ ।

घ) कोषको अन्तिम लेखापरिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद - ४ (चार)

**६. कोषको खर्च प्रणालीः** मर्मत सम्भार कोषमा जम्मा हुन आएको रकम देहाय बमोजिमको पूर्वाधार बिकासको मर्मत संभारको नियमित,पटके र आकस्मिक मर्मत सम्भार सम्बन्धि कार्यमा मात्र खर्च गरिनेछः

१) सडक,कल्भट,पूल,ढल आदीको मर्मत सम्भार सम्बन्धी कार्य ।

२) सिचाई,खानेपानी,विद्युत,सार्वजनिक स्थलको मर्मत संम्भार सम्बन्धी कार्य ।

३) विद्यालयको भौतिक पूर्वाधार मर्मत सम्बन्धी कार्य ।

४) सार्वजनिक निकायका भौतिक संचरना एंव भवनहरुको मर्मत संभार सम्बन्धी कार्य ।

**७. मर्मत सम्भारको लागि छनौटको मापदण्डः** उपभोक्ता समितिबाट र वडा कार्यालय,विद्यालय व्यवस्थापनसमिति,स्थानीय हाटबजार व्यवस्थापन समितिबाट नियमित,पटके वा आवधिक मर्मत सम्भारका लागिएकिकृत बार्षिक कार्यक्रममा समावेश गर्न भनि माग भई आएका योजनाहरु र नगरपालिकाले आवश्यकठानेका देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नु पर्नेछ ।



मिथिला नगरपालिका

क) सबैभन्दा बढी क्षति भएको भौतिक संरचनाहरु ।

ख) भौतिक संरचना तथा पूर्वाधारको महत्वको आधारमा ।

ग) लाभान्वित हुने जनसंख्या वा घरधूरीको आधारमा ।

घ) मर्मत सम्भारबाट हुने आर्थिक लाभको आधारमा ।

ङ) सार्वजनिक भौतिक संरचनाको दीर्घकालीन उपयोगिता र आवश्यक्ताको आधारमा ।

च) दुई वा दुई भन्दा वढि स्थानीय तहलाई जोड्ने सडक,कृषि सडक,ग्रामिण सडक,पुल पुलेसा, कल्भट,कुलो पैनी,बाँध आदी ।

**८. मर्मत सम्भार कार्य गराउने व्यवस्थाः** नगरपालिका भित्र रहेका भौतिक संरचनाहरुको नियमित मर्मतसम्भार,पटके मर्मत संम्भार,आवधिक मर्मत सम्भार स्थानीय उपभोक्ताबाट अधिकतम रुपमा स्थानीय श्रोतसाधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई र अमानतबाट समेत प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । नगरपालिका क्षेत्र भित्र रहेको भौतिक संरचना नियमित मर्मत सम्भार,पटके मर्मत सम्भार,आवधिक मर्मत सम्भार, आकस्मिक मर्मत सम्भार प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद - ५ (पाँच)

**९. संसोधन वा खारेजीः**

क) मर्मत सम्भार कोष संचालन कार्यविधिको संसोधन वा खारेज गर्नुपरेमा नगर सभाबाट हुनेछ ।

ख) यो कार्यविधिमा उल्लेख गरिएका कुराहरुको हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।



मिथिला नगरपालिका

ग) यस कार्यविधिमा लेखिएका कुराहरु प्रचलित स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ सँग बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

**आज्ञाले**
**बसन्त न्यौपने**
**प्रमुख प्रशासकीय अधिकृत**

मिथिला नगरपालिका